नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च. नं.

Ref No.

## सूचिकरण सम्वन्धी अत्यन्त जरुरी सूचना !

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सदस्यहरुले स्थानिय निकायहरुमा सूचिकरण गर्न नपर्ने र संस्थाले दिएको सूचिलाई नै आधिकारीक मानी लेखापरीक्षक नियुक्ति गर्न मिति २०७५ आश्विन १४ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णय भै सबै स्थानिय निकायहरुलाई जानकारी समेत भैसकेको र सो बारेमा संस्थाको धारणा समेत राखी सम्पूर्ण स्थानिय निकायहरुलाई पुनः यही २०७७ श्रावण २८ गते इमेलबाट जानकारी समेत गराइएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गरिन्छ।

संस्थाले विगत देखि नै सदस्यहरुलाई लेखापरीक्षणको लागि कुनै पनि निकायमा सूचिकृत नहुन ध्यानाकर्षण गर्दै सूचना जारी गरेकोमा विभिन्न स्थानिय निकायहरुबाट लेखापरीक्षण अनुमति प्राप्त लेखापरीक्षकहरुलाई सूचीकरणमा आउन आव्हान गरिएको र अझै पनि केही सदस्यहरुले शुल्कः तिरेर सूचिकरण गराएको भन्ने जानकारी प्राप्त भएको तर्फ संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ।

यस संस्थाका सदस्यहरुले संस्थाबाट जारी भएको पेशागत प्रमाणपत्रबाट नेपाल राज्यभित्र सम्पूर्ण निकाय तथा संस्थाहरुको तोकिएको सीमा रकम सम्मको निर्वाध रुपमा लेखापरीक्षण गर्न पाउने अधिकार रहेको विदितै छ। पेशागत प्रमाणपत्र प्राप्त सदस्यले कुनै पनि निकाय तथा संघ संस्थाको लेखापरीक्षण गर्न अन्य कुनै पनि निकायमा सूचिकरण गर्नु नपर्ने र ती निकायलाई लेखाव्यवसायी फर्महरुको नामावली आवश्यक भएमा यस संस्थाबाट वा संस्थाको Website: www.ican.org.np बाट समेत प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ।

तसर्थ, संस्थाका सम्पूर्ण सदस्यहरुलाई कुनै पनि निकायमा लेखापरीक्षण कार्यको लागि सूचिकरणमा नजान यो निर्देशन पुनः जारी गरिएको छ। संस्थाको निर्देशनलाई अबज्ञा गर्दै सदस्यले शुल्कः तिरेर कुनै निकायमा सूचिकरण गराएको भए तुरुन्त आफ्नो सूचिकरण फिर्तालिई सोको जानकारी संस्थामा दिनुहुन सूचित गरिन्छ। अन्यथा उक्त निर्देशनको पालना नगर्ने सदस्यलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ र आचार सहिंताको पालना नगरेको कारण आवश्यक कारबाही गरिने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशित गरिएको छ।

व्यावसायिक विकास तथा सदस्य सेवा निर्देशनालय

२०७७/०५/३१

ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 01-5530832, 5530730, Fax: 977-1-5550774
P O Box 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar : Tel. 977-021-471395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel. 977-071-543629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel. 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara : Tel. 977-061-537679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel. 977-081-525916, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, E-mail : icandhg@ican.org.np